नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, साउन ५ गते २०३३ साल [अतिरिक्ताङ्क १० (घ)

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०३३

राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी नियमावली, २०२६ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार देहायबमोजिमको नियमावली बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस नियमावलीको नाम "राजगुरूज्यू तथा मूल पुरोहितसम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०३३" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ को उप—नियम (१) मा संशोधनः— मूल नियमावलीको नियम ४ को उप—नियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ—

"(ङ) ६५ वर्ष उमेर पुगेमा ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

245

मुद्रण विभाग, सिंहदरबार

५२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।